Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74188
Research Article
ISSN: 3021-9035 Print

# भाषाहरूको विकसित र विकासशील अवस्था

**भगवती अधिकारी**
sbhagawati52@gmail.com

## लेखसार

प्रस्तुत अध्ययन नेपालमा बोलिने विकसित र विकासशील भाषाको स्तरगत अवस्था निर्क्योल गर्नु प्रमुख उद्देश्यमा केन्द्रित रहेर गरिएको छ । भाषाको स्तरगत वर्गीकरणअन्तर्गत विकसित र विकासशील भाषाको अवस्था साथै प्रयोग व्यवहारसमेत अध्ययन गरिएको छ। निर्दिष्ट भाषाका वक्ता सङ्ख्या र विभिन्न सूचक शिक्षा, स्वास्थ, साहित्य, सञ्चार, प्रशासन, कृषि, कानुन, विज्ञान प्रविधि, कला, धर्म, संस्कृति, इतिहासका आधारमा विकसित र विकासशील अवस्थाको स्तरमा व्याख्या विश्लेषण गरिएको छ । नेपालको राष्ट्रिय जनगणना पहिलो तथा आधिकारिक तथ्याङ्क वि.सं. २०११ देखि २०७८ सालसम्मको तथ्याङ्कलाई प्रतिशतका आधारमा तालिकामा उल्लेख गरिएको छ। प्रथमतः नेपालका छ ओटा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ र बज्जिका भाषालाई विकसित भाषाका स्तरमा राखेर व्याख्या विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा जनगणना वि.सं.२०५८ मा प्रविष्ट भएका वान्तवा, राजवंशी र मगही भाषा छन् । जनगणना २०६८ सालमा डोटेली, बैतडेली, अछामी र खस भाषा विकासशील स्तरमा रहेका छन्। नेपालका भाषाहरू–मध्येबाट पन्ध्रओटा भाषालाई विकासशील अवस्थाको स्तरमा राखेर अध्ययन गरिएको छ। विकसित स्तरमा रहेका दुईओटा र विकासशील अवस्थाका छओटा भाषामा माध्यम भाषाको प्रयोग व्यवहार नभएको पाइयो । अन्य भाषा वक्ता क्रमशः घट्दै गएका भए पनि चौधओटा भाषा माध्यम भाषाका रूपमा अग्रस्थानका प्रयोग व्यवहार भइरहेका छन् ।

## शब्दकुञ्जी

भाषा, माध्यम भाषा, विकसित भाषा, स्तरगत वर्गीकरण, वक्ता सङ्ख्या ।

## विषय प्रवेश

भाषाको स्तरगत वर्गीकरण सम्बन्धित राष्ट्रमा बोलिने भाषिक स्थितिको कोणबाट गरिने योजना हो। कुनै पनि मुलुकमा बोलिने विभिन्न भाषाहरूको स्तर निर्धारण या दर्जा प्रदान गर्ने भाषा योजनाको बाह्य पक्ष एवम् प्रयोग व्यवहारका रूपमा यसलाई लिइन्छ। भाषाको स्तरगत योजना क्लस, (१९७१) को धारणा उपयुक्त मानेर धेरैले अनुसरण गरेको पाइन्छ (बन्धु,२०३०, पृ.२६८) । उनले निर्धारण गरेका भाषा योजनाको स्तरगत योजना कोडीकरणमा विकसित भाषाको विशेषता निर्धारण गरिन्छ । भाषाले राज्यभाषा, बहुभाषिकताजस्ता विषयमा भाषाको शिक्षा, सञ्चार र प्रशासनमा प्रयोगसम्बन्धी नीति निर्धारण गर्दछ। आधारभूत जनगणनाबाट प्राप्त तथ्य उस्तै देखिए पनि प्रयोग तहमा भाषाको अवस्थामा भिन्नता आउँछ। मूलतः भाषाको अध्ययन समाजपरक, प्रयोगपरक र संरचनापरक गरी तीन तहमा गरिन्छ (पौडेल र भट्टराई, २०७४, पृ.२५८)। जुनसुकै भाषाको प्रयोग र विकासको उच्च तह भनेको आधुनिकीकरण, मानकीकरण तथा स्वीकरणको स्थानमा पुगेको अवस्था हो । राज्यमा प्रचलित भाषालाई जीवित बनाई राख्ने प्रमुख पक्ष भाषाको स्तरगत योजना नै हो । समाजमा प्रयोग व्यवहृत भएका सबै भाषा सबल अथवा विकसित हुन्छन् भन्ने मान्न सकिदैंन । भाषाको स्तरगत वर्गीकरणको मुख्य आधार भनेको प्रयोगको स्थिति नै हो

(पौडेल र भट्टराई, २०७४, पृ.२५९) । नेपाल बहुभाषिक मुलुक भएकाले स्तरगत योजना एकभाषी र बहुभाषी गरी दुई प्रकृतिको अपनाइएको छ ।

वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा बसोबास गर्ने १२५ जाति र १२३ भाषाका वक्ता रहेको तथ्याङ्कलाई नेपालको संविधान २०७२ ले १२३ ओटा भाषालाई राष्ट्र भाषाका रूपमा अङ्गीकार गरेको छ। नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा जम्मा १२४ ओटा मातृभाषा भेटिएका छन्। २०६८ को सङ्ख्यालाई निरन्तरता दिँदै २०७८ मा १३ ओटा मातृभाषा थपिएकाले कुल भाषा सङ्ख्या १२४ कायम हुन गएको छ। २०६८ मा मातृभाषी वक्ता कुल १२३ रहेका मध्ये कम वक्ता भएका १२ ओटा विदेशी भाषा बोल्ने वक्ता न्यून भएकाले तिनीहरूलाई 'अन्य मातृभाषा' अन्तर्गत राखिएको छ । यसर्थ कुल मातृभाषी सङ्ख्या १२४ कायम हुन गएको छ। नेपालको राष्ट्रिय जनगणना २०७८ मा मातृभाषी वक्ता एक लाखभन्दा बढी हुने भाषाहरू २१ ओटा रहेका छन्, जसको सङ्ख्या २०६८ जनगणनामा १९ ओटा थियो । नेपालमा रहेका कतिपय सम्भाव्य सङ्कटापन्न भाषा विकासशील अवस्थामा रहेको २०७८ को जनगणना तथ्याङ्कले पुष्टि गरेको छ। नेपालका भाषाका सन्दर्भमा (बन्धु, २०६६) को धारणाअनुसार कुनै पनि भाषा समाजमा सुरक्षित हुनका लागि त्यस भाषाका वक्ता एक लाख जति हुनुपर्ने छ। उपयुक्त वातावरण भएमा त्यसभन्दा कम भए पनि सुरक्षित हुन सक्ने बन्धुको धारणा छ। उनले नेपालका भाषाको अवस्थालाई एक करोड एघार लाख ५ पाँच हजारदेखि एक लाख पाँच हजारसम्म वक्ता भएका भाषालाई विकसित र सुरक्षित या विकासशील तथा सुरक्षित सरहको स्तरमा राखेको (निरौला, २०८०, पृ ९.) उल्लेख गरिएको छ।

प्रस्तुत तथ्यका आधारमा नेपालको जनगणना २०७८ अनुसार दश लाखभन्दा बढीले बोल्ने भाषा सुरक्षित/विकसित भाषाअन्तर्गत नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ रहेका छन्। पाँच लाखदेखि दश लाख नेपालीले बोल्ने भाषाअन्तर्गत अवधि, नेवारी, बज्जिका, मगर ढुट, रहेका छन्। त्यसैगरी एक लाखदेखि पाँच लाख नेपालीले बोल्ने भाषाअन्तर्गत वान्तवा, उर्दु, डोट्याली, गुरुङ, लिम्बू, शेर्पा, राजवंशी, राई, मगही, अछामी, बैतडेली, खस भाषा पर्छन्। भाषाको सन्दर्भमा प्रयोगका आधारमा कुनै भाषा विकसित र विकासशील हुँदै जानु, कुनै भाषा सङ्कटापन्न, लोपोन्मुख र मृतभाषाका अवस्थामा पुग्नुलाई स्वाभाविक प्रक्रियाका रूपमा लिन सकिन्छ। मूलतः सम्बन्धित भाषाका वक्ता सङ्ख्याको बढ्दो क्रम र घट्दो क्रमले यसलाई पुष्टि गर्दछ। अतः एक राष्ट्र मात्र नभएर विश्वका भाषाको गणनाबाट आएको तथ्याङ्क सधैँ एकै किसिमको रहिरहन सक्तैन। भाषा स्वाभाविक चलायमान हुने हुँदा प्राकृतिक परिवर्तनले यसलाई मुख्य प्रभाव पारिरहेको हुन्छ। एक पटक गणना भएको भाषा अर्को गणना हुने बेलासम्मको अवधिमा विकसित, विकासशील, सङ्कटापन्न, मृत जुनसुकै अवस्थामा पुग्न सक्छ। अतः नेपालमा भाषाको स्तरगत अवस्था निर्क्योल गर्नु प्रमुख उद्देश्यमा केन्द्रित रहेर विकसित र विकासशील भाषाको अध्ययनलाई यो लेखमा समावेश गरिएको छ।

## *अध्ययन विधि*

प्रस्तुत लेखमा परिमाणात्मक तथ्याङ्कलाई व्यवस्थित गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ। नेपालको जनगणना वि.सं. २०७८ मा भएका भाषासम्बन्धी स्तरगत योजनाको आधारमा केन्द्रित रहेर लेख तयार पारिएको छ। नेपालमा बोलिने मातृभाषाहरूमध्ये विकसित र विकासशील भाषाको अवस्था प्रस्तुत गरिएको छ। राष्ट्रिय तथ्याङ्क विभाग २०७८ राष्ट्रिय जनगणनाको तथ्याङ्क समावेश गरिएको छ। नेपालको जनगणनाको तथ्याङ्क उल्लिखित भएको २००९र११ देखि वि.सं. २०७८ सम्मको मातृभाषी वक्ता सङ्ख्यालाई तालिकाअनुसार प्रतिशतमा प्रस्तुत गरिएको छ। उक्त तथ्याङ्क र विभिन्न सूचक शिक्षा, स्वास्थ, साहित्य, सञ्चार, प्रशासन, कृषि, कानुन, विज्ञान प्रविधि, कला, धर्म, संस्कृति, इतिहासका आधारमा विकसित र विकासशील अवस्थाको स्तरमा व्याख्या विश्लेषण गरिएको छ। प्रस्तुत लेखमा नेपालमा बोलिने भाषासम्बन्धी लेखिएका सैद्धान्तिक पुस्तक तथा अन्य प्रायोगिक कार्यलाई सूचकका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनपत्र निगमनात्मक प्रकृतिको रहेको छ। मूलतः पुस्तकालयीय अध्ययन विधिलाई सामग्री सङ्कलनको मुख्य आधार मानेर निर्दिष्ट अध्ययनको तथ्यपरक व्याख्या विश्लेषण गरिएको छ।

## *नतिजा र छलफल*

नेपालमा जनगणनाको सुरुवात वि.सं.१९६८ देखि भए पनि भाषाको आधिकारिक उल्लेख भने वि.सं.२०० ९/११ सालदेखि भएको पाइन्छ (यादव, २०७४, पृ. ३१४)। नेपालमा वि.स.१९६७ सालबाट जनगणना सुरु भए पनि राष्ट्रिय जनगणना २०११ सालको तथ्याङ्कलाई आधिकारिक मानिएको छ। तत्कालीन समयदेखि सबैभन्दा बढी मातृभाषी वक्ता रहेको नेपाली भाषाले समयको अन्तरालमा केही धेरथोर वक्ता सङ्ख्या भए पनि विकसित भाषाको पहिचान यथावत् राखेको देखिन्छ । १० लाखभन्दा बढी वक्ता भएमा भाषा विकसित हुने युनेस्कोले सन् २००९ मा गरेको वर्ग विभाजनका आधारमा (निरौला, २०८०, पृ.९) मा उल्लेख गरेका छन् । यसैले प्रस्तुत लेखमा नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार विकसित/सुरक्षित तथा विकासशील/सुरक्षित सरहका भाषाहरूको स्थिति निर्क्यौल गरिएको छ।

## *विकसित भाषाहरू*
### *नेपाली भाषा*

भाषा प्रयोगका दृष्टिले सबै विषय क्षेत्रमा प्रचलनमा रहेको सम्पन्न र विकसित नेपाली भाषा हो। नेपाली भाषा भारोपली भाषा परिवारको शतम् वर्गभित्र पर्ने भारतइरानेली शाखाको आधुनिक आर्यभाषामध्ये उच्चतम जीवन्त भाषा हो (लम्साल २०७६, पृ. २१०)। यसलाई चूडामणि बन्धुले 'खस, प्राकृत र खस अपभ्रंशबाट उत्पत्ति भएको, बालकृष्ण पोखरेलले शौरसेनी अपभ्रंशबाट नेपाली भाषाको उत्पत्ति भएको भने पनि सबैको मतका आधारमा शौरसेनी, खस वा पहाडी अपभ्रंशबाट भएकोमा मतैक्य पाइन्छ । तर कतिपयले संस्कृत, प्राकृत र अपभ्रंश हुँदै आएको मानेका छन्' (लम्साल, २०७६, पृ.२१०–२११)। सैद्धान्तिक रूपमा प्राप्त तथ्याङ्कअनुसार वि.सं. १०५७ नेपाली भाषाको उद्भव बिन्दु मानिए पनि तत्कालीन समयदेखि नागराजाहरूको शासन काल, मल्लकाल शाहकाल हुँदै नेपाली भाषाले विकासको लामो परम्परा बोकेको छ। नेपाली भाषा राजा दामुपालको दुल्लु अभिलेखदेखि अहिलेसम्म आइपुग्दा आवश्यकतानुसार विकसित हुँदै मुलुकको सिङ्गो प्रतिनिधित्व गर्न सक्ने राष्ट्रभाषा, सम्पर्क भाषा, माध्यम भाषा भएर सक्षम भाषाका रूपमा विकसित भएको छ।

*तालिका १ : नेपाली भाषाका वक्ता सङ्ख्याको स्थिति*

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ४८.७४ | ५०.९६ | ५२.४५ | ५८.३६ | ५०.३१ | ४८.६१ | ४४.६३ | ४४.८६ |

तालिका एकमा उल्लिखित तथ्याङ्कअनुसार नेपाली भाषाको विकसित अवस्था सुरुवात (२०११, २०१८, २०२८, २०३८ बढ्दो क्रममा देखिएको छ भने ४८ देखि घट्दो क्रममा देखिएको छ। नेपालको राजनीतिक परिवर्तनसँगै भाषाका मुद्दा पनि पेचिलो रूपमा देखिन थालेका छन् । बहुविध समाजमा प्रत्येक जाति, वर्ग, सम्प्रदाय र भाषिक समुदायहरूले पहिचानको खोजी गर्दै मातृभाषाको प्रयोग व्यवहारलाई बढाएका छन् । बर्सौदेखि नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग व्यवहार गर्दै आएका जनजाति भाषाभाषीले आफ्नो पुर्ख्यौली मातृभाषाको स्तरमा गणना गराएर मौलिक भाषाका रूपमा स्वीकार गर्नाले पनि नेपाली भाषाको वक्ता सङ्ख्या क्रमशः घट्दो देखिएको छ। कतिपय क्षेत्रीय भाषाले भाषिकाको मान्यता पाएका छन् । तसर्थ नेपाली भाषा केही मात्रामा खस्कँदो देखिन्छ।

नेपालको परिवेशमा नेपाली भाषा शिक्षा, स्वास्थ, साहित्य, सञ्चार, प्रशासन, कृषि, कानुन, विज्ञान प्रविधि, कला, धर्म, संस्कृति, इतिहासलगायत वाङ्मयको विकासमा उच्च श्रेणीमा पुगेको छ। यद्यपि नेपाली भाषाले राष्ट्रिय मात्र नभएर अन्तराष्ट्रिय रूपमा पनि मान्यता पाउँदै गइरहेको छ। नेपाली भाषालाई भारतको संविधानको आठौँ अनुसूचिमा एधारौँ भाषाका रूपमा सन् १९९२ सेप्टेम्बर १ देखि समावेश गरिएको छ (लम्साल, २०७६, पृ.२१२)। त्यसबाहेक अन्य

राष्ट्रका विश्वविद्यालयमा पनि यसको अध्ययन अध्यापन विभिन्न तह र अनुसन्धान तहमा भइरहेको पाइन्छ।

## *मैथिली भाषा*

नेपालको दक्षिणपूर्वी तराईमा बहुसङ्ख्यक बासिन्दाले बोल्ने भारोपेली परिवारको भाषा हो। यसको मुख्य क्षेत्र सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही जिल्ला मानिन्छ। मैथिली भाषा प्राचीनकालदेखि मिथिला भूमिका जनसमुदायको मातृभाषा हो । नेपालमा राष्ट्रभाषाको मान्यता पाएको मैथिली भाषाको विकास आठौँ शताब्दीदेखि भएको पाइन्छ। मिथिलाक्षर वा तिरहुता लिपिमा प्रयोग व्यवहार गरिने मैथिली भाषा नेपाल र भारतको ठुलो क्षेत्रमा बोलिन्छ। त्यसैले यसका क्षेत्रीय भाषिका विकसित भएका छन् । यस भाषामा लोक साहित्य, गद्य, पद्य, लोक नृत्य, लोक गीत, लोककथा आदिको असीमित भण्डार रहेको साथै मैथिली साहित्यको नेपाल र भारत दुवै देशमा प्रचुर समृद्ध परम्परा रहेको छ। मैथिलीमा सबैभन्दा पुरानो र पहिलो लिखित वर्णरत्नाकर कोश, प्रथम व्याकरणकार हर्नले (सन् १९८०) रहेका छन् (लम्साल, २०७६, पृ.२१४) । अतः मैथिली भाषामा विद्यालयदेखि विश्वविद्यालयसम्म साथै प्राथमिक शिक्षाको माध्यमको रूपमा प्रयोग गर्ने संवैधानिक प्रावधान रहेको सञ्चार लगायत टेलिचलचित्र निर्माण, पत्रपत्रिका प्रकाशन हुँदै आएको छ। परिणामतः सूचना, सञ्चार, ज्ञान विज्ञान, प्रविधि, साहित्य आदि विभिन्न फाँटमा विकास भएको मैथिली भाषा दक्षिण एसियामा भाषिक दृष्टिले नेपाल र भारतको प्रतिष्ठित भाषा हो । जनगणनाको सुरुदेखि हालसम्मको वक्ता सङ्ख्यालाई तल तालिकामा प्रस्तुत गरिएको छ–

### *तालिका २ : मैथिली भाषाका वक्ता सङ्ख्याको स्थिति*

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | १२.४४ | १२.०१ | ११.४९ | ११.११ | ११.८५ | १२.३० | ११.६७ | ११.०५ |

तालिका दुईमा उल्लिखित तथ्याङ्कअनुसार मैथिली मातृभाषा वक्ता सुरुवातको स्थितिबाट क्रमशः घट्दो क्रममा देखिएको छ। त्यसमा दश लाखभन्दा बढी वक्ताले बोल्ने सुरक्षित वा विकसित भाषा हुने उल्लेख छ ( न्यौपाने, २०७९, पृ.१०)। यसर्थ नेपालको राष्ट्रिय जनगणना वि.सं.२०७८ अनुसार वक्ता सङ्ख्या ३२२२३८९ (११.०५%) रहेको मैथिली भाषा विकसित अवस्थामा रहेको छ।

## *भोजपुरी भाषा*

नेपालको मध्य तराईको प्रमुख भोजपुरी भाषा भारोपेली भाषापरिवारको नेपालको राष्ट्रभाषा हो। यो भाषाको लिपि कैथी भए पनि मध्यकालमा देवनागरी लिपि प्रचलित यस भाषाका विभिन्न भाषिका रहेका छन्। यो भाषाभित्र सामान्य बोलीचाली, साहित्य रचना, गीत, शिक्षा, सञ्चार, प्रशासन, कानुन, स्वास्थ, गणित, ज्ञानविज्ञान र प्रविधिका क्षेत्रमा प्रयुक्त शब्दभण्डारको प्रशस्त विकास भएको पाइन्छ । भोजपुरी मातृभाषा वक्ता सङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ–

### *तालिका ३ : भोजपुरी भाषाका वक्ता सङ्ख्याको स्थिति*

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०४८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ५.८० | ६.१३ | ६.९८ | ७.६१ | ७.४६ | ७.५३ | ५.९८ | ६.२४ |

तालिका तीनमा उल्लिखित तथ्याङ्कअनुसार भोजपुरी भाषाको मातृभाषी वक्ता प्रतिशतको आधारमा सुरुवातको गणनादेखि बढ्दो क्रममा देखिए पनि २०६८ मा घटेको तर २०७८ बाट पुनः बढ्दो स्थितिमा रहेको छ। यद्यपि संवैधानिक मान्यताअनुसार विभिन्न सन्दर्भमा प्रयोग भएको साथै २०७८ को गणना अनुसार कुल वक्ता सङ्ख्या १८,२०,७९५ (६.२४ प्रतिशत) मातृभाषी वक्ता रहेको भोजपुरी भाषा विकसित भाषाको स्तरमा रहेको छ ।

### थारू भाषा

नेपालको तराईको मेचीदेखि महाकालीसम्म बसोबास रहेको थारू जातिको मातृभाषा थारू भाषा भारोपेली भाषा परिवारको संस्कृतबाट प्राकृत हुँदै विकसित यस भाषाका भाषिक भेदोपभेद रहेका छन्। यो भाषामा लोक–साहित्य प्रशस्त पाइने, शब्दकोश, व्याकरण ग्रन्थ निर्माण भएका छन् (लम्साल, २०७६, पृ.२१६)। यो भाषा संवैधानिक प्रावधानअनुसार नेपालको राष्ट्रिय भाषा हो। यस भाषामा प्राथमिक तहदेखि उच्च तहसम्म अध्ययन अध्यापन गर्न सकिने व्यवस्था छ। त्यसैगरी पत्रपत्रिकाको प्रकाशन, चलचित्र, टेलिचलचित्र निर्माण, सूचना सञ्चार सम्प्रेषणको व्यवस्थालगायत सांस्कृतिक दृष्टिले सम्पन्न रहेको देखिन्छ। यो भाषाका वक्ताको बसोबास नेपालको तराईका कैलाली, सिराहा, दाङ, कञ्चनपुर, सप्तरी, सुनसरी, बाँके, कपिलवस्तु, चितवन, नवलपरासी, उदयपुर, मोरङ, बारा, रूपन्देही, रौतहट, सुर्खेत, सर्लाहीमा महत्त्वपूर्ण स्थानमा रहेको पाइन्छ। त्यसैले यिनीहरूमा भाषिक एकरूपता पाइँदैन। थारू भाषाका वक्ता सङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ–

***तालिका ४ : थारू भाषाका वक्ता सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ४.३७ | ४.३२ | ४.२९ | ३.६३ | ५.३७ | ५.८६ | ५.७७ | ५.८८ |

तालिका चारमा प्रस्तुत तथ्याङ्कअनुसार थारू मातृभाषी वक्ता सङ्ख्या सुरुमा २०११ मा ४.३७% घट्दो क्रममा भए पनि २०४८ को तथ्याङ्कले बढ्दो क्रममा देखाएको छ। जनगणना २०७८ मा कुल वक्ता सङ्ख्या १७,१४,०९१ (५.८८%) रहेको साथै विकसित भाषामा पर्ने अन्य सूचकलाई अध्ययन गर्दा थारू भाषा विकसित भाषाका स्तरमा रहेको देखिन्छ।

### तामाङ भाषा

तामाङ भाषा नेपालको मध्यभागमा घना बस्ती बनाएर बस्ने तामाङ जातिको मातृभाषा हो। चिनियाँ तिब्बती भाषा परिवारभित्र पर्ने यो भाषाको प्रयोग व्यवहार देशविदेशमा प्रशस्त हुने गरेको छ। नेपालको धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपाल्चोक, मकवानपुर, सिन्धुली, दोलखा, रामेछाप, काठमाडौँ, भक्तपुर, ललितपुर, गोरखा, चितवन मुख्य स्थान मानिन्छन् (लम्साल, २०७६, पृ. २२६)। तामाङ भाषाका कतिपय पुराना ग्रन्थ साम्बोटा लिपिमा भए पनि हाल देवनागरी लिपि अथवा तामहिग भनिने साम्बोटाको सरलीकृत संसोधित लिपि प्रयोगमा रहेको पाइन्छ (यादव, २०७४, पृ. ३१८)। यो भाषा लोकसाहित्यमा धनी, पत्रपत्रिका प्रकाशन, चलचित्र, टेलिचलचित्र निर्माण, गीति एल्बम बनेका, व्याकरण लेखन र विस्तार भइरहेका छन्। यस भाषामा प्राथमिक तहदेखि उच्च शिक्षासम्म व्यवस्था गर्न सकिने संवैधानिक प्रावधान रहेको छ। तामाङ भाषाका अनौपचारिक शिक्षा र प्राथमिक तहका पाठ्यपुस्तक, लोकसाहित्यसम्बन्धी लिखित सामग्रीको विकास गर्न थालिएको भए पनि कार्यान्वयन भएको खासै पाइँदैन। यो भाषाका वक्ता सङ्ख्यालाई प्रतिशतमा जनगणनाको सुरुदेखि हालसम्म क्रमशः तालिकामा प्रस्तुत गरिएको छ–

***तालिका ५ : तामाङ भाषाका वक्ता सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०४८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ६.०१ | ५.६२ | ४.८० | ३.४८ | ४.८९ | ५.१९ | ५.०१ | ४.८८ |

तालिकामा पाँचमा प्रस्तुत तथ्याङ्कअनुसार तामाङ भाषाका वक्ता सङ्ख्या क्रमशः घट्दो बढ्दो क्रममा रहेको देखिन्छ। २०११ गणनामा ६.०१% रहेको तामाङ भाषाका वक्ता २०७८ को जनगणनामा कुल जनसङ्ख्या (१४,२३,०७५ (४.८८%) रहेको आधारमा तामाङ भाषा विकसित भाषाको स्तरमा रहेको छ।

### बज्जिका भाषा

भारोपेली भाषापरिवारको मागधी प्राकृतबाट विकसित

आधुनिक आर्यभाषा बज्जिका मध्य तराईका रौतहट, महोत्तरी, सर्लाही जिल्लामा बोलिने नेपालको राष्ट्रभाषा हो । नेपालसहितत भारतको विहार क्षेत्रमा समेत व्यापक रूपमा प्रयोग हुने यस भाषालाई त्यहाँ 'वैशाली' भाषा भनिन्छ (लामिछाने, २०७३ पृ. ३२४)। नेपालको जनगणना २०५८ देखि यो भाषाको तथ्याङ्क प्रस्तुत गरिएको कुल जनसङ्ख्या २,३७,९४७ (१.०५%) रहेकोमा २०६८ मा ७,९३,४१६ (२.९९%) र २०७८ को गणनामा ११,३३,७६४ (३.८४%) रहेको बज्जिका भाषा विकसित अवस्थामा रहेको छ।

## *विकासशील भाषा*

कुनै पनि मुलुकमा प्रयोगमा आएका भाषा विकसित स्थानमा पुग्नका लागि प्रगतिशील भई वक्ता सङ्ख्या उच्च वृद्धि हुनुलाई भाषाको विकासशील अवस्था भनिन्छ । जनगणना २०७८ अनुसार मातृभाषा पाँच लाखभन्दा बढी दश लाखभन्दा कम वक्ता सङ्ख्या भएका तीनओटा भाषा अवधि, नेवारी र मगर ढुट रहेका छन् । यसैगरी एक लाखभन्दा बढी पाँच लाखभन्दा कम वक्ता भएका बाह्रओटा भाषा पनि विकासशील अवस्थामा रहेका छन् । निर्दिष्ट तथ्याङ्कका आधारमा नेपालका विकासशील भाषाहरूको प्रयोगगत स्वरूपलाई निम्न अनुसार प्रस्तुत गरिएको छ–

## *अवधि भाषा*

नेपालको पश्चिमी तराई क्षेत्रका बासिन्दाले बोल्ने अवधि भाषा भरोपेली भाषा परिवारको संस्कृत प्राकृत र अपभ्रंश हुँदै विकसित भएको नेपालको राष्ट्रभाषा हो । नेपालको रुपन्देही, बाँके, बर्दिया र कपिलवस्तुलगायत भारतका विभिन्न क्षेत्रमा यो भाषा धेरै बोलिन्छ। भारतको अयोध्यापुरीलाई यस भाषाको मूल केन्द्र मानिन्छ। लेख्य परम्परा लामो र समृद्ध रहेको यस भाषाका भाषिकाहरू बिच बोधगम्यता रहेको पाइन्छ। देवनागरी लिपिको प्रयोग गरिने अवधि भाषाका मातृभाषा वक्ता सङ्ख्या जनगणनाको सुरुदेखि हालसम्म कति थिए र कसरी विकसित भएका छन्। त्यसलाई तलको तालिकामा देखाइएको छ–

***तालिका ६: अवधि भाषाका वक्ता सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ३.९९ | ५.०७ | २.७४ | १.५६ | २.०३ | २.४७ | ०.५३ | २.९६ |

तालिका छ मा प्रस्तुत तथ्याङ्कअनुसार अवधि भाषाको वक्ता सङ्ख्या २०११ को गणनामा ३.९९% रहेको, २०१८ मा ५.०७% रहेको छ भने त्यसपछि लगातार घट्दो क्रममा २०६८ मा (०.५३%) रहेको २०७८ अनुसार कुल वक्ता सङ्ख्या ८,६४,२७६ (२.९६%) पुनः बढ्दो देखिएको छ। अवधि भाषामा लोक साहित्य, लिखित साहित्यको सुदीर्घ परम्परा, हिन्दी साहित्य, सञ्चार, अभिलेख ग्रन्थ आदि रहेका छन्। शिक्षामा प्राथमिक तहदेखि माध्यमिक तहसम्म पठनपाठनको माध्यम रहेको यो भाषा विकसशील भाषा हो।

## *नेवारी भाषा*

यो जातिले बोल्ने नेवारी भाषा विशेषत काठमाडौँ उपत्यका, दोलखा र बनेपा भए पनि नेपाल देशभरि रहेका छन्। नेवार वा नेपाल भाषाका भुजिँमो; पाचुँमो; गोलमो; लितुमो; कुमो भेद रहे पनि रञ्जना र देवनारी लिपि बढी प्रयुक्त हुन्छ (यादव, २०७४, पृ.३१८) भोटचिनियाँ भाषा परिवारका भाषामध्येको नेवार भाषा, साहित्य, शिक्षा, पत्रपत्रिका प्रकाशित, सञ्चार, कला, सङ्गीत, व्याकरण कोशलगायत विविध वाङ्मयले समृद्ध छ। यो भाषा प्राथमिक शिक्षादेखि विश्वविद्यालय तहसम्मको अध्ययन अध्यापनको विषय बनेको छ (लम्साल, २०७६, पृ. २२८)। नेवारी भाषाको जनगणनाको प्रारम्भदेखि वर्तमानसम्मको तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ–

***तालिका ७ : नेवार भाषाका वक्ता सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ४.६५ | ४.०१ | ३.९५ | ३.९९ | ३.७३ | ३.६३ | ३.१९ | २.९६ |

तालिका सातमा प्रस्तुत तथ्याङ्कअनुसार नेवारी भाषाको वक्ता सङ्ख्या सुरुदेखि क्रमश घट्दो क्रममा देखिएको छ। नेपालको जनगणना २०७८ मा नेवारी मातृभाषी कुल वक्ता सङ्ख्या ८,६३,३८०, (२.९६%) रहेको छ। नेवारी भाषा विद्यमान सूचकहरूका आधारमा विकासशील अवस्थामा रहेको देखिएको छ।

## *मगर ढुट भाषा*

नेपालका विभिन्न क्षेत्रमा प्राचीनकालदेखि बसोबास गर्दै आएका मगर समुदायले बोल्ने चिनियाँ तिब्बती परिवारको भाषालाई मगर भाषा भनिन्छ। बसोबासको स्थानअनुसार यो भाषा फरक रूपमा प्रयोग हुने नेपाली भाषाको उच्च प्रभाव देखिन्छ (लामिछाने, २०७३, पृ.३२६)। यसभाषामा साहित्य प्रचुर, २०५० सालमा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा कार्यशाला गोष्ठी गरी वर्णमालाको व्यवस्था, २०६२ सालमा 'मगर भाषा वर्तमान स्थितिमा मगर पाङ नामक' गोष्ठीपत्र प्रस्तुत, लोक साहित्य र संस्कृतिमा निकै समृद्ध बन्दै गएका छन्। यसका साथै मगर शब्दसङ्ग्रह, मगर मातृभाषा शिक्षा पुस्तक, कवितासङ्ग्रह प्रकाशन भएका छन् भने चलचित्र, टेलिचलचित्र, गीति एल्बम बनिसकेका छन्। मगर ढुट भाषामा पोखरा केन्द्रबाट अबिच्छिन्न रूपमा समाचार प्रसारण गर्दै आएको पाइन्छ (लम्साल, २०७६, पृ.२३० )। नेपालको संवैधानिक प्रावधानअनुसार उच्च तहसम्मको अध्ययन अध्यापन हुने व्यवस्था गरिएको मगर भाषा नेपालको राष्ट्रभाषा हुनुका साथै सञ्चारका क्षेत्रमा अग्र स्थानमा रहेको छ। मगर ढुट मातृभाषा वक्ता सङ्ख्या प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरिएको छ–

*तालिका ८ : मगर ढुट भाषाका वक्ता सङ्ख्याको स्थिति*

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ३.३६ | २.७१ | २.५० | १.४२ | २.३३ | ३.३९ | २.९७ | २.७६ |

तालिकामा प्रस्तुत तथ्याङ्कअनुसार मगर ढुट भाषाको वक्ता सङ्ख्या क्रमश घट्दो क्रममा देखिएको छ। जनगणनाको सुरुमा ३.३६% रहेको यसका वक्ता नेपाली भाषाको प्रयोगसँगै २०७८ मा आइपुग्दा कुल वक्ता सङ्ख्या ८,१०,३१५ (२.७६%) रहेको छ। यसकारण मगर ढुट भाषाका वक्ता सङ्ख्याका आधारमा यो विकासशील अवस्थाको भाषा हो।

## *डोटेली भाषा*

नेपालको सुदुरपश्चिम प्रदेशको डोटी जिल्ला मुख्य क्षेत्र मानिने यो भाषा मझपच्छिमा भाषिकाका रूपमा बोलिन्छ। डोटेली भाषिकाले नेपालको जनगणना २०६८ बाट भाषाको मान्यता पाएको यसमा नेपाली, सिंजाली र कुमाउनी भाषाको प्रभाव देखिन्छ (लम्साल, २०७६, पृ. २१९) देवनागरी लिपिको प्रयोग व्यवहार गरिने यो भाषाका कुल वक्ता सङ्ख्या २०६८ अनुसार ७८७८२७ (२.९७%) रहेको पाइन्छ। यो भाषामा पत्रपत्रिका, मातृभाषामा शिक्षण, रेडियो एफ.एम. मा समाचार प्रसारण, अनुसन्धान हुनुका साथै लोकगीतहरू प्रचलित छन्। डोटेली भाषा सबै उमेर समूहले प्रयोग गर्ने २०७८ को जनगणनामा यसका कुल वक्ता सङ्ख्या ४,९४,८६४ (१.७%) रहेको विकासशील भाषा हो।

## *उर्दू भाषा*

नेपालमा बोलिने भारोपेली भाषा परिवारको महत्त्वपूर्ण भाषा उर्दू पाकिस्तानको राष्ट्रभाषा हो। नेपालका तराईको महोत्तरी जिल्लामा उल्लेख्य मात्रामा छन् भने अन्य विदेशी भूमिमा यसको प्रयोग बढ्दो छ। हिन्दी भाषाको एउटा शैली मानिने या भाषामा अरबी र फारसी भाषाका शब्दहरू धेरै पाइन्छन्। अरबी लिपिमा लेखिने उर्दू भाषा शैक्षिक क्षेत्रमा अतिअगाडि रहेको साथै भाषासाहित्यका कारण धेरै सम्पन्न र चर्चित रहेको पाइन्छ। यस भाषाका वक्ता सङ्ख्यालाई तलको तालिकामा देखाइएको छ–

*तालिका ९ : उर्दू भाषाका वक्ता सङ्ख्याको स्थिति*

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ०.४० | ०.०३ | – | – | १.०९ | ०.७७ | २.६१ | १.४२ |

तालिकामा प्रस्तुत तथ्याङ्कअनुसार नेपालको जनगणनामा अन्य भाषा सरह आधिकारिक स्थान पाएको उर्दू भाषाको २०२८ र २०३८ मा तथ्याङ्क प्राप्त भएको छैन। उर्दू भाषाका वक्ता घट्दो र बढ्दो क्रममा देखिएका छन्। अतः २०७८ को गणनामा कुल वक्ता सङ्ख्या ४,१३,७८५ (१.४२%) रहेको उर्दू विकासशील अवस्थाको भाषा हो।

### *लिम्बू भाषा*

नेपालको पूर्वी भेगका लिम्बू जातिले बोल्ने लिम्बु भाषा हो। नेपालको ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटामा लिम्बू भाषाको बसोबास पाइन्छ। लिम्बू भाषाका विभिन्न भेदहरू भएकाले बोधगम्यताको अभाव देखिन्छ (लामिछाने, २०७३, पृ.३२७)। नेपाल बाहिर म्यान्मार, भुटान र भारतको सिक्किममा समेत बोलिने लिम्बू भाषाको लिपि सिरिजङ्गा हो (लम्साल, २०७६, पृ.२३५)। यो आदिवासी जनजातिमा सूचीकृतहरूको भाषा हो। लिम्बू भाषामा पनि नेपाली भाषाको प्रभाव देखिन्छ। यस भाषाका वक्ता सङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ–

**तालिका १०: लिम्बू भाषाका वक्ता सङ्ख्याको स्थिति**

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | १.७७ | १.४७ | १.४८ | ०.८६ | १.३७ | १.४७ | १.२९ | १.२ |

तालिका दशमा प्रस्तुत तथ्याङ्कअनुसार लिम्बू भाषाका कुल वक्ता प्रतिशतमा हेर्दा एकरूपता पाइँदैन। वि.सं. २०७८ को राष्ट्रिय जनगणनामा लिम्बू मातृभाषी वक्ता सङ्ख्या ३,५०,४३६ (१.२%) रहेको छ। यस भाषामा पत्रपत्रिका प्रकाशन, शिक्षाको माध्यम र सूचना सञ्चारमा प्रयोग भइरहेको र साहित्यिक रचनाका हिसाबले सम्पन्न देखिन्छ। अतः लिम्बू भाषा स्तरगत वर्गीकरणका आधारमा विकासशील अवस्थाको भाषा हो।

### *गुरुङ भाषा*

गुरुङ जातिले बोल्ने भाषा गुरुङ भाषा हो। नेपालको गण्डकी क्षेत्र मुख्य बसोबास रहेका नेपालको संवैधानिक व्यवस्थानुसार गुरुङ भाषा नेपालको राष्ट्रिय भाषा हो। गुरुङ मातृभाषा वक्ताले आफूलाई तमु भनेर चिनाउँछन्। यो भाषामा व्याकरण निर्माण, शब्दकोश निर्माण, पत्रपत्रिका प्रकाशन, पुस्तक प्रकाशन आदि कार्य भइरहेका छन्। भोटचिनियाँ परिवारअन्तर्गत पर्ने यस भाषामा आठ ओटा स्वर र चालिसओटा व्यञ्जन रहेका छन् (पन्त, २०८०, पृ.२२३)। यो भाषामा समाचार प्रसारण साथै प्राथमिक कक्षामा पठनपाठन हुने गरेको यस भाषाका वक्ता सङ्ख्या तल तालिकामा प्रस्तुत गरिएको छ–

**तालिका ११ : गुरुङ भाषाका वक्ता सङ्ख्याको स्थिति**

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | १.९७ | १.६८ | १.४९ | १.१६ | १.२३ | ३.४९ | १.२२ | १.१२ |

तालिका एघारमा प्रस्तुत तथ्याङ्कअनुसार गुरुङ मातृभाषाका वक्ता सङ्ख्यामा जनगणनाको सुरुदेखि क्रमश घट्दै आएका कारण भाषा वक्ता सङ्ख्यामा एकरूपता देखिँदैन। २०११ मा १.९७% रहेको भाषा २०५८ मा ३.४९% रहेको छ। नेपालको राष्ट्रिय जनगणना २०७८ मा गुरुङ मातृभाषा कुल वक्ता सङ्ख्या ३,२८,०७४ (१.१२%) रहेको छ। अतः नेपालका भाषाको स्तरगत वर्गीकरणअनुसार वक्ता सङ्ख्याका आधारमा यो विकासशील अवस्थाको भाषा हो।

### *मगही भाषा*

नेपालको राष्ट्रिय जनगणना २०५८ मा ३० जना वक्ता सङ्ख्या भएको मगही भाषा नेपालको तराई भूभागका विभिन्न जिल्लामा बोलिन्छ। २०६८ को जनगणनामा कुल मातृभाषा वक्ता ०.१३% रहेकामा २०७८ को गणनामा कुल जनसङ्ख्याको २,३०,११७ (०.७९%) रहेको मगही भाषा क्रमश विकासशील अवस्थामा रहेको छ।

### बैतडेली भाषा

नेपालको राष्ट्रिय जनगणना २०६८ मार्फत भाषाको मान्यता पाएको बैतडेली जिल्लामा बोलिने उपभाषिका हो। देवनागरी लिपिमा लेखिने यस भाषाको भौगोलिक दृष्टिले भारतको कुमाउनी नजिक रहेकाले यसैको प्रभाव देखिन्छ। जनगणना २०६८ अनुसार १.०२% वक्ता सङ्ख्या रहेको बैतडेली भाषाका २०७८ मा कुल वक्ता सङ्ख्या १५२६६६ (०.५२%) रहेका छन्। यस भाषामा पत्रपत्रिका, मातृभाषामा शिक्षण, रेडियो एफ.एम. मा समाचार प्रसारण, अनुसन्धान हुनुका साथै लोकगीतहरू प्रचलनमा रहेका छन् (पन्त, २०८०, पृ.२१९)। अतः बैतडेली भाषा प्राप्त तथ्याङ्कका आधारमा विकासशील अवस्थामा रहेको देखिएको छ।

### राई भाषा

नेपालमा बोलिने भोटचिनियाँ परिवारको भाषा राई–किराँती जातिले प्रयोग व्यहार गर्ने भाषा हो। एक समुदाय धेरै भाषाहरूमा राई किराँती भाषाहरू पर्छन्। पूर्वी नेपालका अधिकांश जिल्लामा बोलिने राई समुदायका करिब ३० ओटा भाषा राई जातिका बसोबास अनुसार फरक भेद पहिचान गरिएको छ। राई किराँती भाषाहरू परस्परमा कतिपय बोधगम्य छन् भने कतिपय बोधगम्य छैनन्। भाषा आयोगको प्रतिवेदनअनुसार २०५८ देखि राई वान्तवा र चाम्लिङ भाषा यसबाट अलग भएको हो। राई किराँती भाषालाई २०६८ को जनगणनाले राई भाषा भनी प्रविष्ट गराएको छ (ढकाल, २०७१,पृ.७१)। राई मातृभाषा वक्ता सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ :

***तालिका १२ : राई भाषाका वक्ता सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | २.८७ | २.५५ | २.०१ | १.४७ | २.३८ | १.६३ | ०.६२ | ०.०५ |

तालिका बाह्रमा प्रस्तुत तथ्याङ्कअनुसार राई भाषाका वक्ता सङ्ख्या क्रमश घट्दो क्रममा देखिएको छ। धेरै भाषाको प्रयोग व्यवहार हुने यस भाषाका अलगअलग पहिचान हुन थालेको देखिन्छ। राई भाषा धेरै भए पनि सबैको अवस्था समान छैन साथै साहित्य रचनाका हिसावले सम्पन्न छैनन्। नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस भाषाका कुल वक्ता सङख्या १,४४,५१२ (०.५%) रहेको छ। अतः उल्लिखित तथ्याङ्कका आधारमा राई भाषा विकासशील अवस्थामा रहेको देखिएको छ।

### अछामी भाषा

नेपालको सुदरपश्चिमको अछाम र त्यस वरपरका जिल्लामा बोलिने यो भाषिकाले २०६८ को जनगणनामार्फत् भाषाको मान्यता पाएको हो। देवनागरी लिपिमा लेखिने यो भाषामा नेपाली भाषाको धेरै प्रभाव पाइन्छ। जनगणनामा प्रविष्ट हुँदा कुल वक्ता सङ्ख्या १,४२,७८७ (०.५३%) रहेको तथ्याङ्क छ भने २०७८ को जनगणनाअनुसार यसका मातृभाषा वक्ता सख्या १,४१,४४४ (०.४८]) रहेको छ। अतः मातृभाषा वक्ता सङ्ख्याका आधारमा नेपालमा बोलिने भाषामध्ये अछामी भाषा विकासशील भाषा हो।

### वान्तवा भाषा

नेपालमा बोलिने राई भाषाबाट भाषाको मान्यता पाएर वान्तवा भाषा २०५८ मा अलग भएको हो। यो भाषाका वक्ता २०५८मा (१.६३%) रहेकोमा २०६८ को जनगणना–अनुसार (०.५%) रहेको छ। त्यसैगरी २०७८ को जनगणना–अनुसार वान्तवा भाषा कुल वक्ता सङ्ख्या १,३८,००३ (०.४७%) रहेको छ। यो भाषामा साहित्यका विभिन्न विधा, व्याकरण निर्माण, शब्दकोश निर्माण, पत्रपत्रिका प्रकाशन, पुस्तक प्रकाशन तथा विद्यावारिधिसम्मको अध्ययन भइसकेको छ। वान्तवा भाषा नेपालको भाषाको स्तरगत वर्गीकरण भएअनुसार वक्ता सङ्ख्या घट्दो र बढ्दो क्रम रहे तापनि विकासशील अवस्थामा रहेको छ।

### राजवंशी भाषा

नेपालमा बसोबास गर्ने राजवंशी जातिले प्रयोग गर्ने

भाषा हो। यसलाई ताजपुरिया भाषा पनि भनिन्छ। उत्तरपूर्वी बङ्गाल र आसामबाट उत्पत्ति भएको यो भाषा मागधी प्राकृतबाट विकसित भएको मानिन्छ। नेपालका झापा र मोरङका निश्चित स्थानमा बोलिने यस भाषामा साहित्यिक रचना भएको पाइँदैन । यस भाषाका वक्ता सङ्ख्या तल तालिकामा प्रस्तुत गरिएको छ–

***तालिका १३ : राजवंशी  भाषाका वक्ता सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ४.३७ | ०.५९ | ०.४८ | ०.४० | ०.४६ | ०.५७ | ०.४६ | ०.४५ |

तालिका तेह्रमा प्रस्तुत तथ्याङ्कअनुसार राजवंशी भाषाका मातृभाषी वक्ता क्रमश घट्दो क्रममा रहेको छ। जनगणना २०७८ को तथ्याङ्कअनुसार यसभाषाका कुल वक्ता सङ्ख्या १,३०,१६३ ( ०.४५%) रहेको छ। यसकारण राजवंशी भाषा मातृभाषा वक्ताका आधारमा नेपालमा बोल्ने भाषाको विकासशील अवस्थामा रहेको छ।

## *शेर्पा भाषा*

नेपालको तिब्बती क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिले बोल्ने चिनियाँ  तिब्बती भाषा परिवारको भाषा शेर्पा भाषा हो । नेपालको पूर्वी तथा उत्तरी भेगका विभिन्न जिल्लामा बसोबास गर्ने शेर्पा भाषीले तिब्बतीको प्रयोग गर्दछन् । शेर्पा भाषाका तन्त्रमन्त्र तथा धार्मिक शिक्षादीक्षाका साथै बौद्ध साहित्यमा विशेषतः प्रसिद्ध छ । नेपालमा बोलिने भाषामध्येको शेर्पा भाषाका मातृभाषा वक्ता तलको तालिकामा प्रस्तुत गरिएको छ :

***तालिका १४: शेर्पा भाषाका वक्ता सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| वक्ता सङ्ख्या | ०.८५ | ०.८९ | ०.६९ | ०.४९ | ०.६३ | ०.५७ | ०.४३ | ०.४ |

तालिका चौधमा प्रस्तुत तथ्याङ्कअनुसार नेपालमा बोलिने शेर्पा भाषाको मातृभाषा वक्ता क्रमश घट्दो क्रममा रहेको छ। राष्ट्रिय जनगणनाको सुरुदेखि तथ्याङ्क समावेश गरिएको शेर्पा भाषाका वक्ता जनगणना २०७८ अनुसार कुल वक्ता सङ्ख्या १,१७,८९६(०.४%) रहेको छ। अतः शेर्पा भाषाका वक्ता सङ्ख्यामा एकरूपता नभए पनि नेपालको भाषायोजनाको स्तरगत वर्गीकरणअनुसार विकासशील अवस्थामा रहेको छ।

## *खस भाषा*

नेपालको कर्णाली प्रदेशमा बसोबास गर्ने जातिले प्रयोग व्यवहार गर्ने भाषा खस हो। नेपाली भाषा  संस्कृत भाषाबाट उत्पन्न खस प्राकृतअन्तर्गत खस अपभ्रंश भएर विकसित आधुनिक आर्यभाषा भनिएको पाइन्छ (लम्साल, २०७६, पृ.१०६)। प्रारम्भिक समयमा खस भाषाको रूपमा सामान्य बोलचालमा रहेको नेपाली भाषा पनि खस भाषाको विकसित रूप हो। नेपाली भाषाको मूल खस भाषा हो तर यस भाषाले २०६८ को राष्ट्रिय जनगणनामा मात्र मान्यता पाएको छ। यस भाषाका कुल वक्ता २०६८ अनुसार १६६७ (०.००६%) छ भने २०७८ अनुसार खस भाषामा कुलवक्ता सङ्ख्या१,१७,५११ (०.४%) छ। यसका आधारमा खस भाषा साहित्य/वाङ्मय, शिक्षा, धर्म, संस्कृति, स्वास्थ, सञ्चार, लेखन, पठन, प्रकाशन, कानुन, कृषि, विज्ञान तथा प्रविधि सम्पूर्ण पक्षमा अग्रगामी रहेको छ। अतः नेपालमा बोलिने भाषाहरूमध्ये खस भाषा विकासशील अवस्थाको भाषा हो । जनगणना वि.सं.२००८ देखि २०७८ सम्मका भाषा सङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ –

***तालिका १५ : नेपालको राष्ट्रिय जनगणनाअनुसार भाषा सङ्ख्याको स्थिति***

| जनगणना वर्ष | भषा सङ्ख्या |
|---|---|
| २००८ | ४४ |
| २०१८ | ३६ |
| २०२८ | १७ |

| | |
|---|---|
| २०३८ | १८ |
| २०४८ | ३२ |
| २०५८ | ९२ + ११ |
| २०६८ | १२३ |
| २०७८ | १२४ |

## *निष्कर्ष*

नेपालमा बोलिने भाषाहरूमध्ये नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ र बज्जिका पहिलो स्तरका विकसित भाषा हुन्। पहिलो दर्जाका भाषाहरू जनगणनाले देखाएको तथ्याङ्कअनुसार वक्ता सङ्ख्याका हिसाबले घट्दो क्रममा रहेका भए पनि माध्यम भाषाका रूपमा प्रयोग व्यवहृत छन् । विकासशील अवस्थाका भाषाको स्तरमा रहेका भाषाहरूमा भाषा योजनाले निर्धारण गरेका निर्दिष्ट भाषाका वक्ता सङ्ख्या र विभिन्न सूचक  शिक्षा, स्वास्थ, साहित्य, सञ्चार, प्रशासन, कृषि, कानुन, विज्ञान प्रविधि, कला, धर्म, संस्कृति, इतिहासका आधारमा विकसित र विकासशील अवस्थाको स्तरमा उपयुक्त मानिएको छ।  विकासशील अवस्थामा रहेका अवधि, नेवारी, मगर, डोटेली, उर्दु, लिम्बु, गुरुङ, बैतडेली र खस भाषा माध्यम भाषाका रूपमा पनि प्रयोग भइरहेका छन् । यस बाहेक राई, अछामी, मगही, वान्तवा, राजवंशी, शेर्पा भाषा वक्ता सङ्ख्याका आधारमा विकासशील अवस्थामा रहेका छन्। भाषालाई विकसित र विकासशील अवस्थामा पुऱ्याउन शिक्षाको माध्यम बनाउनु उपयुक्त हुने देखिएको छ। परिणामतः नेपालमा बोलिने भाषाहरूमध्ये विकसित र विकासशील अवस्थामा रहेका भाषा तुलनात्मक रूपमा २०६८ को जनगणनाअनुसार उन्नाईसबाट २०७८ मा एक्काईसओटा भाषा भएको तथ्याङ्क प्राप्त भएको छ। अतः भाषा वक्ता सङ्ख्या घट्दो क्रममा तथ्याङ्क रहेको भए पनि भाषानीति र योजना कार्यान्वयनले भाषाको संरक्षण, सम्बर्द्धन, विकास र विस्तारका लागि सचेत हुनुपर्ने देखिएको छ। भाषाको स्तरगत वर्गीकरणको आधारमा विकसित तथा विकासशील भाषाको अवस्था सामान्य रहेको प्राप्त तथ्याङ्कका आधारमा निष्कर्ष पहिचान गरिएको छ।

## *सन्दर्भ सूची*


निरौला, यज्ञश्वर (२०८०). 'सङ्घीय नेपालको भाषिक नीति तथा लोपोन्मुख भाषाहरू'. *प्रज्ञा.* (१२४, पृ.७ –१७). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

नेपाल सरकार (२०७८). 'नेपालको राष्ट्रिय जनगणना प्रतिवेदन'. काठमाडौँ : तथ्याङ्क विभाग।

पौडेल, राजेन्द्रप्रसाद, भट्टराई, रमेश (२०७७). *नेपालको भाषानीति र योजना आधार.* काठमाडौँ : इन्टेलेक्च्युअल्ज बुक प्यालेस।

बन्धु, चूडामणि (२०३० ). *भाषाविज्ञान.* दशौं संस्करण. काठमाडौँ : साझा प्रकाशन।

यादव, योगेन्द्रप्रसाद (२०७४). *साठी वर्षका भाषिक चर्चा.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. पृ. ३१२– ३३९ ।

लम्साल, रामचन्द्र (२०७६). *ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा.* काठमाडौँ : स्वदेश प्रकाशन।

लामिछाने, यादवप्रकाश (२०७३). *भाषाविज्ञान र नेपाली भाषा.* दोस्रो संस्करण. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

Government of Nepal Office of the Prime Minister and Council of Ministers National Statistics Office Thapathali, Kathmandu.